विपदजन्य घटनामा नागरिकलाइ दिइने राहत अनुदानलाइ विधि र मापदण्डमा आधारित बनाइ विपद व्यवस्थापन कोषमा बजेट गरी सोही कोषबाट खर्च गरी पारदर्शी बनाइनेछ ।

११. नगरपालिका क्षेत्रका बजार क्षेत्रको फोहोरमैला संकलन, पुनप्रयोग र कम्पोष्टीङका लागि स्थानीय नागरिक र उद्योग ब्यवसायीसंग सहकार्य गरी सफा र स्वच्छ नगर बनाइनेछ ।

## ङ . सुशासन तथा संस्थागत विकासतर्फः

१. नगरभित्रका सामुदायिक रेडियोहरू,मिडियाहरु र तिनमा कार्यरत सञ्चारकर्मीहरूको क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।स्थानीय सञ्चार माध्यमहरूलाइ नगरपालिकाको सुचना प्रकाशन तथा प्रसारणमा प्राथमिकता दिइनेछ ।

२. जनताको सुसूचित हुन पाउने सूचनाको हक प्रत्याभूति गर्न स्वत प्रकाशन, सार्वजनिक सुनुवाइ, मुखपत्र प्रकाशन, जनतासँग जनप्रतिनिधि लगायतका रेडियो कार्यक्रम सार्वजनिक परीक्षण, कार्यालयबाट सम्पादित कार्यहरूको चौमासिक सार्वजनिकीकरण गर्ने साथै दूरसञ्चार कार्यालयसँगको समन्वयमा हट लाइन सेवा सञ्चालन गर्ने कार्यक्रमलाई कार्यान्वयनमा लगिने छ।

३. सहभागितात्मक योजना तर्जुमा पद्धतिलाई सबल बनाउन निर्वाचित जनप्रतिनिधि एवम् टोल विकास संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने कार्यलाई निरन्तरता दिएको छु । सामाजिक परिचालनका माध्यमबाट गरिबी न्यूनीकरणका लागि कार्यक्रम सञ्चालन गर्ने सरकारी एवम् गैरसरकारी संस्थाहरूसँग आवश्यक समन्वय गरी कार्यक्रम सञ्चालन गरिने छ । टोल विकास संस्थालाई नगरको विकासमा सहभागी बनाउन र उनीहरूसँगको क्षमतालाई प्रयोग गरी नगरको समग्र विकासलाई गति प्रदान गर्नको लागि टोल विकास संस्था परिचालन गरिनेछ ।नगरभित्र रहेका आमा समूह, युवा क्लब, किशोरी समूह र विभिन्न समूह संञ्जालको रेकर्ड अद्यावधिक गरी टोलको विकासमा सक्रिय बनाइने छ । टोल विकास संस्था, आमा समूह विभिन्न क्लब लगायतका सामुदायिक संस्थाहरूलाई विभिन्न निर्माण लगायतका सामाजिक क्रियाकलापहरूमा समन्वय, सहकार्य गर्न प्रेरित गरिने छ ।

४. स्वयंसेवाको क्षेत्रलाई फराकिलो र व्यावहारिक बनाउन नीतिगत खाका तयार गरि राष्ट्र सेवाको रूपमा लामो अनुभव हासिल गर्नुभएका सम्मानित व्यक्तित्वहरू र शिक्षित युवाहरुलाई



Scanned with CamScanner

विजय सिंह डामी
नगर प्रमुख



तथा अन्य निकाय सँग कुनै कारोवार वा सेवा प्रवाह गरिने छैन कर्मचारी,पदाधिकारीको हकमा तलव,सुविधा रोक्का गरी असुल गरिने नीति कडाईका साथ कार्यान्वयनमा लगिनेछ ।

१२. प्रचलित कानूनको अधीनमा रही नगर प्रहरीको व्यवस्थापन गर्न कानून तर्जुमा र संगठन संरचना स्वीकृत गर्ने कार्य प्रकिया अगाडी वढाईनेछ। बजार, बालश्रम, विद्यालय, व्यवसाय दर्ता र सञ्चालन, मदिरा विक्री, वितरण र सेवन, घर निर्माण, सार्वजनिक जग्गाको प्रयोग, सिमाना, इन्धन डिपो, होटल, दुध डेरी, मासु पसल, औषधी पसल लगायतका नागरिकको जनजीविकासँग सम्बन्धित पक्षहरूलाई प्रचलित कानूनको अधीनमा कडाइका साथ अनुगमन गरी स्थानीय सरकारको अनुभूति गराइने छ।

१३. गोकुलेश्वर वजार लगायत अन्य स्थानीय वजारहरुमा सिसी टिभी जडान गर्ने कार्य यसै वर्ष कार्यान्वयन लगिनेछ साथै मौजुदा सुरक्षा पोष्टको स्तर सुधार एवम् सुरक्षा निकायको समन्वयमा हाल सुरक्षा पोस्ट नभएका वडाहरूमा सुरक्षा पोस्ट स्थापनाको लागि आवश्यक प्रकिया संघिय सरकारलाई अनुरोध गर्ने। साथै सुरक्षा निकाय र सरोकारवालाहरू बीच सुरक्षा व्यवस्थालाई सबल बनाउन आवश्यक अन्तर्क्रिया कार्यक्रमहरू सञ्चालन गरिने छ ।

१४. राजश्व दाखिला संङ्कलन गर्ने प्रणालीलाई सप्टवयर मार्फत दाखिला गर्ने कार्य नगरपालिका र सवै वडा कार्यालयहरुमा अनिवार्य लागु गरिने छ ।

१५. वित्तिय हस्तान्तरण भई आएका रु. १० लाख वा सो भन्दा माथिका योजनाहरु ठेक्का मार्फत कार्यान्वयन गरिने छ ।

१५. हालको दरवन्दी पुनरावलोकन गर्न नगरपालिकाले संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी कामका लागि जनशक्ति भन्ने नीतिलाइ सार्थक बनाउनेछ । नगरपालिका र मातहतका संस्थाहरुको क्षमता विकास गराउन कार्यालय र संस्थाका प्रमुखसंग कार्य सम्पादन करार गरिनेछ । प्रमुख प्रशासकीय अधिकृतले मातहतका शाखा तथा कार्यालयहरुसंग नतिजा सुचक सहित कार्यसम्पादन सम्झौता गरी कार्यान्वयन गरिनेछ । कार्य सम्पादनमा आधारित मुल्यांकन गरी जनशक्तिलाइ प्रोत्साहन गरिनेछ । कर्मचारीलाइ क्षमता विकासका तालिमहरु सञ्चालन गरिनेछ । स्थानीय राजश्वलाइ वृद्दी गर्न ब्यवसाय दर्ता र नियमानुसार संकलन हुने राजश्वको नियमित अनुगमन गरिनेछ । सार्वजनिक खर्चलाइ ब्यवस्थित गराउन Sutra,PAMS, C-Gas, EMIS,HMIS जस्ता प्रचलनमा भएको कम्प्यूटर प्रणालीहरुको प्रयोगमा दक्षता अभिवृद्दी



विजय सिंह डामी
नगर प्रमुख

Scanned with CamScanner

